नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक ४६ २०८० साल भदौ २७ गते बुधबार (13 Sep. 2023 Wednesday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : सहमति, सहकार्य र एकताको ... २ पृष्ठमा : कम्पनी दर्ता असोज १५ ...२ पृष्ठमा : पाकिस्तानी ध्वजावाहक चरम ...

# युवकको कुटेरै हत्या भएको घटनामा बाबु छोरीलाई तीन/तीन वर्ष कैद, ६ जनाले पाए सफाइ




**दैनिक समाचारदाता**
**राजविराज, २६ भदौ ।**

राजविराज वडा नं. ७ स्थित खर्साल टोलमा २०७६ सालमा भएको एक चर्चित हत्याकाण्डका सन्दर्भमा सप्तरी जिल्ला अदालतले बाबु छोरीलाई सजाय र जरिवानाको फैसला गरेको छ ।

सप्तरी जिल्ला अदालतका न्यायाधिश हरिशचन्द्र इडनामको इजलाशले सोमबार चार वर्ष अघि भएको कर्तव्य ज्यान मुद्दाका आरोप राजविराज ७ निवासी बिन्देश्वर प्रसाद यादव र उनका छोरी सन्तोषीलाई जनही ३/३ वर्ष कैद र ३०/३० हजार जरिवाना र एक लाख रुँपैया क्षतिपूर्ती भराउने फैसला गरेको छ ।

बि.स. २०७६ साल असार १० गते यादव बाबु छोरीसहित ८ जना माथी सप्तरीको तिरहुत गाउँपालिका ३ पिपराहीका २५ वर्षिय जयकृष्ण बिराजी यादवको कुटेरै हत्या गरेको आरोपमा मृतकका बुबा उपेन्द्र प्रसाद यादवको जाहेरीले कर्तव्य ज्यान मुद्दामा अदालतको यस्तो फैसला आएको हो ।

२०७६ साल असार १० गते रातीको समयमा बाबु छोरीसहित ८ जनाको समूहले बासको भाटा, रड लगायतका बस्तुले जयकृष्णमाथी निर्घात कुटपिट गरेको र उपचारकै क्रममा उनको मृत्यु भएको प्रहरीले अदालतमा पेश गरेको कागजात प्रमाणमा उल्लेख छ ।

उक्त मुद्दामा प्रतिवादी बनाइएका अन्य ६ जना क्रमश : राजविराज नगरपालिका वडा नं. ७ शुभासचन्द्र यादव, श्रवणकुमार मेहता, शशिआनन्द देव, कमलदेव यादव, प्रमोद कुमार यादव र योगेश कुमार देवलाई भने अदालतले सफाई दिएको सप्तरी जिल्ला अदालतका सूचना अधिकारी गंगा कुमार मिश्रले जानकारी दिए ।

त्यति बेला जयकृष्णको मृत्युपछि आक्रोसित उनका आफन्तजनले आरोपीहरुलाई पक्राउ गरि कडा कारवाहीको माग गर्दै दिनहुँजसो राजविराजमा प्रदर्शन गर्न थालेका थिए । प्रहरीले बाबु छोरीसहित ८ जनालाई प्रतिवादी बनाई कर्तव्य ज्यान मुद्दा दर्ता गरेपछि मात्र प्रदर्शन साम्य भएको थियो ।

प्रहरीले हत्याको कारण सार्वजनिक नगरे पनि जयकृष्णको हत्यामा भने प्रेम सम्बन्धको विषय कारण रहेको स्थानीयले बताउँदै आएका छन् ।

# एमाले उपाध्यक्ष नेम्वाङको निधन



काठमाडौं, २६ भदौ (रासस) । संविधानसभाका अध्यक्ष एवं नेकपा (एमाले)का उपाध्यक्ष सुवासचन्द्र नेम्वाङको हृदयाघातबाट निधन भएको छ ।

सामान्य रुघाखोकी लागेर घरमा आराम गरिरहनुभएका नेम्वाङलाई सोमबारराति हृदयघात भएपछि उपचारका लागि राति १:३० बजे त्रिवि शिक्षण अस्पताल लगिएकामा उपचारका क्रममा त्यहीँ निधन भएको उहाँका स्वकीयसचिव कृष्णप्रसाद काफ्लेले राससलाई बताउनुभयो ।

उहाँबारे जानकारी लिन प्रधानमन्त्री पुष्पकमल दाहाल, पार्टी अध्यक्ष केपी शर्मा ओली, सभामुख देवराज घिमिरे, राष्ट्रियसभा अध्यक्ष गणेश तिमिल्सिनालगायत पार्टी नेता अस्पताल पुग्नुभएको थियो ।

विसं २००९ फागुन २८ गते जन्मनुभएका नेम्वाङ नेपाली राजनीतिमा शालीन र सबैलाई मिलाएर जान सक्ने नेताको रूपमा छवि बनाउनुभएको थियो ।

# नेम्वाङको अन्त्येस्टिका दिन सार्वजनिक विदा

**दैनिक समाचारदाता**
**काठमाडौँ, २६ भदौ ।**

सरकारले संविधानसभाका अध्यक्ष सुवास नेम्वाङको राजकीय सम्मानका साथ बिहीबार अन्त्येष्टि गर्ने निर्णय गरेको छ । सरकारले उनको अन्त्येष्टिका दिन सार्वजनिक विदा दिने निर्णय समेत गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा मंगलबार बसेको

*बाँकी अन्तिम पृष्ठमा*

# प्रदेश सभा सदस्य यादवको निधन



**दैनिक समाचारदाता**
**राजविराज, २६ भदौ ।**

मधेश प्रदेश सभा सदस्य बिन्दुकुमारी यादवको मंगलबार विहान निधन भएको छ ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका केन्द्रिय सदस्य समेत रहेकी सभा सदस्य यादवको निधन भएको हो ।

महोत्तरी जिल्ला घर भएकी उनी लामो समयदेखी क्यान्सर रोगबाट पीडित थिइन् । यसैबीच जसपाले एक विज्ञप्ति जारि गर्दै प्रदेश सभा सदस्य यादवको असमायिक निधनले पार्टीलाई अपूर्णिय क्षति भएको जनाइएको छ ।

# मोटरसाईकलको ठक्करबाट महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २६ भदौ ।**

सप्तरीमा एक महिलालाई मोटरसाइकलको ठक्करबाट मृत्यु भएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*


## आईडियल सहकारी संस्था लिमिटेड
राजबिराज ४, सप्तरी
(प्रकाशित मिति : २०८०/०५/२६)

### २४औं बार्षिक साधारण सभा बारे सुचना

आईडियल सहकारी संस्था लिमिटेडको मिति २०८० साल भदौ २३ गते बसेको संचालक समितिको २३२^औं^ बैठकको निर्णय बमोजिम संस्थाको २४^औं^ वार्षिक साधारण सभा सहकारी विभागले जारी गरेको सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका २०७६ संशोधित २०७७ बमोजिम तपसिलमा उल्लेखित साधारण सभाको कार्यसूचि अनुसार छलफल र निर्णय गर्न बस्ने भएको हुँदा तपसिलको एकाई, मिति, समय र आफुलाई पायक पर्ने स्थानमा उपस्थित हुनको लागी सदस्यहरुको ठेगानामा विभिन्न माध्यमबाट सुचना सम्प्रेषण भईरहेको छ । कुनै कारणबस अन्य माध्यमबाट जानकारी प्राप्त नभएमा यसै सूचनालाई आधार मानी उपस्थितीको लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारण सभाको कार्यसुचि :-**

१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने सम्बन्धमा ।
२. लेखा तथा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०७९/०८० को लेखा परिक्षकको प्रतिवेदन प्रस्तुत र पारित गर्ने सम्बन्धमा ।
४. आ.व. २०८०/०८१ को वार्षिक कार्यक्रम तथा बजेट प्रस्तुत र पारित गर्ने सम्बन्धमा ।
५. आ.व. २०८०/०८१ को लागि लेखा परिक्षकको नियुक्ती र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
६. शेयर लाभांश कोष वितरण सम्बन्धमा ।
७. एकाई प्रतिनिधिहरु सम्बन्धमा ।
८. निर्णय पुस्तिक प्रमाणिकरण सम्बन्धमा ।
९. विशेष प्रस्तावहरु सम्बन्धमा ।
१०. विविध ।

*द्रष्टव्यः* साथै साधारण सभा सम्बन्धि सूचना कार्यालयको सूचना पाटी, संस्थाको आधिकारीक फेसबुक पेज तथा वेभसाईटमा समेत प्रकाशित गरिएको व्यहोरा जानकारी गराईन्छ ।

**साधारण सभा तालिका :**

**१.साधारण सभा हुने एकाई, मिति, समय र स्थान :-**

| एकाई (क) : हनुमाननगर | एकाई (ख) : पातो | एकाई (ग) : राजबिराज |
|---|---|---|
| मिति : २०८० असोज २५ गते विहिवार<br>समय : विहान १० बजे<br>स्थान : हनुमाननगर बजार चौक | मिति : २०८० असोज २६ गते शुक्रबार<br>समय : विहान १० बजे<br>स्थान : पातो बजार चौक | मिति : २०८० असोज २७गते शनिवार<br>समय : विहान १० बजे<br>स्थान : जिल्ला समन्वय समितिको सभाहल |

**२. एकाई प्रतिनिधिहरुको निर्णय प्रमाणित सभा** (सबै एकाईबाट छनौट भएका प्रतिनिधिहरु मात्र) :-

- मिति : २०८०/०६/२९ सोमवार
- स्थान : संस्थाको कार्यालय भवन, राजबिराज ४, सप्तरी
- समय : विहान ८:३० बजे

**२४^औं^ साधारण सभा सम्बन्धी अन्य जानकारी**

- साधारण सभामा विशेष प्रस्ताव राख्नुपर्ने भएमा मिति २०८० साल असोज १९ गते कार्यालय समय भित्र लिखित रुपमा पेश गर्नु पर्ने । वार्षिक साधारण सभाको प्रतिवेदनहरु संस्थाको वेवसाईट https://idealcooperative.org.np/को रिर्पोट सेक्सनमागई डाउनलोड गर्न सक्नुहुनेछ ।
- साधारण सभाको प्रत्यक्ष प्रसारण संस्थाको आधिकारीक सामाजिक सञ्जाल फेसबुक पेज (https://www.facebook.com/idealsaccos.rajbiraj) मार्फत गरिनेछ ।
- एकाई क, ख र ग बाट निर्णय भै चयन भएका प्रतिनिधिहरुले एकाई प्रतिनिधिहरुको निर्णय सभामा उपस्थित भै साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्नेछन् ।
- साधारण सभाको प्रतिवेदनहरु उपर आफ्नो जिज्ञासा, रायतथा सुझाव भएमा सो समेत समेटिने गरि लिखित रुपमावा संस्थाको फेसबुक पेजमा राखिएको गुगलफर्ममा आफ्नो सुझाव भरि २०८० साल असोज १९ गते भित्र पठाईदिन हुन अनुरोध गरिन्छ ।

धन्यवाद ।
संचालक समितिको आज्ञाले
बिनोदकुमार साफी
व्यवस्थापक

# सहमति, सहकार्य र एकताको मियो थिए नेम्वाङ

**नारायण न्यौपाने/रासस**
काठमाडौँ, २६ भदौ ।

नेपाली राजनीतिमा निकै परिपक्क, शालीन, समन्वयकारी र सबैलाई मिलाएर लैजान सक्ने साझा व्यक्तित्वको छवि बनाउनुभएका संविधान सभाध्यक्ष सुवास नेम्वाङको निधनले नेपाली राजनीतिमा अपूरणीय क्षति पुगेको छ। ।

विसं २००९ मा माता अपिन्द्रकुमारी र पिता रामबहादुर नेम्वाङको सुपुत्रका रूपमा जन्मनुभएका नेम्वाङ नेपालको राजनीति र संवैधानिक क्षेत्रकै सुपरिचित व्यक्तित्व हुनुहुन्थ्यो ।

उहाँले प्रतिनिधिसभा र अन्तरिम व्यवस्थापिकको सभामुख तथा पहिलो र दोस्रो संविधानसभा अध्यक्ष, नेकपा (एमाले)को उपाध्यक्ष र संसदीय दलको उपनेताको जिम्मेवारी सम्हाल्नुभयो ।

इलाम नगरपालिका-७ सुन्तलाबारी स्थायी ठेगाना रहेका नेम्वाङ पछिल्लो समय बालुवाटारस्थित निजी निवासमा बस्दै आउनुभएको थियो ।

प्राध्यापन, वकालत र राजनीतिलाई पनि उहाँले सँगसँगै अघि बढाउनुभएको थियो ।

उहाँको सबैलाई मिलाएर लैजान सक्ने समन्वयकारी क्षमताले समकालीन नेपाली राजनीतिका पत्याइएका अभिभावकजस्तै हुनुहुन्थ्यो । संसद् सञ्चालनका क्रममा तत्काल आएका चुनौतीलाई सहजरूपमा अघि बढाउन खप्पिस नेम्वाङ प्रतिवाद गर्ने नेता तथा सांसदलाई व्यङ्ग्यात्मक र मीठो शैलीमा जवाफ दिएर सभालाई रोचक बनाउनुहुन्थ्यो ।

विसं २०५६, २०६४, २०७०, २०७४ र २०७९ को चुनावमा इलाम निर्वाचन क्षेत्र नं २ बाट विजयी नेम्वाङले नेपालको संसदीय लोकतान्त्रिक अभ्यासमा आफूलाई परिपक्व राजनीतिज्ञको रूपमा प्रमाणित गराउन सफल हुनुभयो ।

पार्टीभित्र कतिपय मुद्दामा फरक विचार र धारणा राख्दै आउनुभएका नेम्वाङ पछिल्लोपटक दलले गर्दै आएको संसद् अवरोधप्रति असहमति जनाउँदै अभिव्यक्ति दिनुभएको थियो । दलहरूबीच बेलाबखत घटना विशेषका कारण देखिने तिक्ततालाई निरन्तर वार्ता र संवादबाट सहमतिमा पुग्न सकिने धारणा राख्नुहुने नेम्वाङले सबैसँग भेटघाट र वार्ता छलफलका लागि सहज हुनुहुन्थ्यो ।

सञ्चारकर्मीसँग निरन्तर सम्पर्कमा रहने नेम्वाङ कुनै घटना र सूचना प्राप्त गर्नासाथ त्यसको पुष्ट्याइँ र सूचना दिन निकै सहज हुनुहुन्थ्यो । उहाँका पिता स्व रामबहादुर न्यायाधीश हुनुहुन्थ्यो भने छोरा सुहाङ नेम्वाङ पनि कानुन व्यवसायी नै हुनुहुन्छ । कानुनसहित दुई विषयमा स्नातक नेम्वाङ लामो समय प्राध्यपन पेसामा रहनुभएकाले पार्टी प्रशिक्षणमा पनि अब्बल हुनुहुन्थ्यो ।

उहाँका श्रीमती, दुई छोरा र दुई छोरी हुनुहुन्छ । सधैँभर सिंहदरबारस्थित संसदीय दलको कार्यालय रहने नेम्वाङ गत शनिबार गृहजिल्ला पुगेर फर्केपछि रुघाखोकी लागेका कारण आउनुभएन । संविधानसभाबाट संविधान जारी गर्ने क्रममा उहाँले खेलेको भूमिका निकै महत्त्वपूर्ण रहेको उहाँका सहकर्मी नेताहरू बताउनुहुन्छ ।

लोकतान्त्रिक समाजवादी पार्टीका नेता लक्ष्मणलाल कर्ण उहाँको योगदान स्मरण गर्दै भन्नहुन्छ, "संविधानसभाबाट संविधान जारी गर्न उहाँको ठूलो योगदान छ, जसरी भए पनि संविधान जारी गर्नुपर्छ भनी त्यसबेला निकै चिन्तित हुनुहुन्थ्यो ।"

मुलुकका ऐन र कानुनप्रति धेरै जानकार भएका कारण उहाँले कानुनीरूपमा आउन सक्ने अड्चन र मार्गचित्रबारे सबै नेताहरूले सहजरूपमा स्वीकार गर्ने गरेको घटना नेता कर्णले सुनाउनुभयो । नेता उहाँ भन्नुहुन्छ, "गाली गरे पनि हाँस्ने व्यक्ति, सबै दलका नेतासँग मित्रभाव राख्ने नेम्वाङ उच्चकोटीको राजनीतिज्ञ हुनुहुन्थ्यो ।"

# कम्पनी दर्ता असोज १५ गतेदेखि अनलाइनबाट

काठमाडौँ २६ भदौ (रासस) ।

कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता हुने प्राइभेट लिमिटेड तथा पब्लिक लिमिटेड कम्पनी आगामी असोज १५ गतेदेखि अनलाइन माध्यामबाट दर्ता हुनेभएका छन् । कम्पनी दर्ता तथा प्रशासनसम्बन्धी सेवालाई छिटोछरितो, विश्वसनीय तथा प्रविधिमैत्री बनाउन कम्पनी दर्तालाई अनलाइनका माध्यमबाट गर्न लागिएको कम्पनी रजिस्ट्रारको कार्यालयका उपरजिस्ट्रार शेखर बाबु कार्कीले जानकारी दिनुभयो ।

"नयाँ कम्पनी अनलाइनबाट दर्ता गर्ने व्यवस्था असोज १५ गतेबाट पूर्णरूपमा लागू हुँदैछ । नवीकरण भने केही समय भौतिक रूपमा र त्यसपछि अनलाइनबाटै गर्ने तयारी गरेका छौँ", उपरजिष्ट्रार कार्कीले भन्नुभयो । कम्पनी रजिष्ट्रारको कार्यालयले प्रयोग गरिहेको पुरानो सफ्टवेयर परिवर्तन भएको र नयाँ सफ्टवेयर ल्याएपछि तथ्याङ्क स्थानान्तरण (डाटा माइग्रेसन) का लागि केही समय लाग्ने उहाँको भनाइ छ । जसकारण नवीकरणका काम भने भौतिक रुपमै हुनेछन् ।

अनलाइनबाट दर्ता हुने कम्पनीले कम्पनीको छाप तथा कम्पनीको तर्फबाट सम्बन्धित कागजातमा हस्ताक्षर गर्न अनुमतिप्राप्त कम्पनीको अध्यक्ष, सञ्चालक वा कम्पनी सचिवको नमुना हस्ताक्षर विद्युतीय सूचना प्रणालीमा उपलब्ध गराउनुपर्नेछ । केही समयका लागि हाल प्रचलनमा रहेको भौतिक कागजात पेस गरी सेवा लिने वा विद्युतीय हस्ताक्षरमार्फत् कागजात पेस गरी डिजिटल सेवा लिने भनी विकल्प उपलब्ध गराइने कार्यालयले जनाएको छ ।

विद्युतीय हस्ताक्षरमार्फत् सेवा माग गर्न इच्छुक कम्पनीले सरकारबाट विद्युतीय हस्ताक्षरको साँचो (कि) लिनुपर्नेछ । चालु आर्थिक वर्षको सरकारको नीति तथा कार्यक्रम र बजेटले कम्पनी दर्तालगायतका काम विद्युतीय माध्यामबाट गर्ने व्यवस्था राखेको थियो ।

कागजरहित सरकार (पेपरलेस गभर्नेन्स)को अवधारणालाई मूर्तरूपमा दिन सरकारका सबै सङ्घीय केन्द्रीय निकायमा क्रमशः एकीकृत कार्यालय व्यवस्थापन प्रणाली लागू गर्ने पनि सरकारको योजना छ । त्यस्तै, सार्वजनिक सेवाबापत बुझाउनुपर्ने सबै दस्तुर र सेवा शुल्क 'क्यूआर कोड'लगायत विद्युतीय माध्यामबाट राजस्व खातामा जम्मा गर्न सकिने व्यवस्था मिलाइने पनि वार्षिक बजेटमा उल्लेख छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569


## विश्व समाचार

### पाकिस्तानी ध्वजावाहक चरम आर्थिक सङ्कटमा

इस्लामाबाद, २६ भदौ (रासस/एएनआई) ।

पाकिस्तानको राष्ट्रिय ध्वजावाहक पाकिस्तान इन्टरनेशनल एयरलाइन्स (पिआईए) चरम आर्थिक अभावबाट गुज्रिएको छ । विमान कम्पनीले २० अर्ब रुपैयाँ बक्यौता तिर्न बाँकी रहेकाले उसले १५ वटा विमान नउडाउने जोखिम बढेको जियो न्यूजले जनाएको छ ।

यदि विमानहरू 'ग्राउन्डेड' भएमा ३० भन्दा बढी उडान स्थगित हुनेछन् जसले आम्दानी स्रोत घट्दा आर्थिक सङ्कटलाई बढाउने छ । इन्धन, फेडरल एक्साइज ड्युटी र 'लिज' (भाडा)रकम भुक्तानी समयमै नहुँदा १५ वटा विमान ग्राउन्डेड हुनसक्ने बाध्यात्मक परिस्थिति नआओस् भन्ने कामना सम्बद्ध अधिकारीहरूले गरेका छन् ।

नागरिक उड्डयन मन्त्रालयले पिआईएको पुनसंरचना गर्नु अति जटिल प्रक्रिया भएको उल्लेख गर्दै त्यस गर्न एक वर्ष लाग्ने बताएको छ तर, यो अवधिमा राष्ट्रिय ध्वजावाहकलाई सञ्चालन गर्नैपर्ने आवश्यकता रहेको जिओ न्यूजले जनाएको छ ।

गत साता सरकारको सहयोगमा ब्याङ्कहरूले पिआईएलाई रकम उपलव्ध गराएपछि आफ्ना वित्तीय चुनौतिबाट क्षणिक राहत महसुस गरेको पिआईए पुनः समस्यामा परेको छ । यद्यपि प्राप्त रकम विमान र इन्जिन भाडाको लामो समयदेखिको बक्यौता, विदेशी विमानस्थलमा भएको खर्चको भुक्तानीहरू तिर्न प्रयोग गरिने जनाइएको छ ।

यसअघि पिआईएले भाडामा लिएका १३ वटा विमानमध्ये पाँच वटा ग्राउन्डेड गरेको थियो । पिआईएले करिब २३ अर्ब रुपैयाँ उपलव्ध गराउन सरकारसँग माग गरेको छ तर आर्थिक समन्वय समितिले त्यसलाई अस्वीकार गरेको थियो । गत जुलाईमा सङ्घीय राजस्व बोर्डले दुई अर्ब रुपैयाँभन्दा बढी कर नतिरेको भन्दै राष्ट्रिय ध्वजावाहकको खाता रोक्का गरेको थियो ।

### लिबिया बाढीःदुई हजारभन्दा बढीको मृत्यु भएको आशङ्का, दश हजार बेपत्ता

जेनेभा, २६ भदौ (रासस/एपी) ।

पूर्वी लिबियामा आएको बाढीमा परी दुई हजारभन्दा बढीको मृत्यु भएको तथा १० हजारभन्दा बढी बेपत्ता भएका रेडक्रसका अधिकारीले बताएका छन् ।

रेड क्रस र रेड क्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासङ्घका लिबियाका लागि प्रतिनिधिमण्डलका प्रमुख टेमेर रमदानले उत्तर अफ्रिकी देशमा बाढी पछि १० हजार मानिस बेपत्ता भएको र मर्नेहरूको सङ्ख्या हजारौं पुग्न सक्ने चेतावनी दिएका छन् ।

मङ्गलबार ट्युनिसियाबाट भिडियो कन्फरेन्स मार्फत जेनेभामा संयुक्त राष्ट्र सङ्घको ब्रिफिङमा पत्रकारहरूसँग कुरा गर्दै रमदानले बाढीले बगाएर ज्यान गुमाउनेको सङ्ख्या धेरै ठूलो भएको जनाउँदै क्षतिको आकलन सकिएपछि ज्यान गुमाउनेको सङ्ख्या हजारौं पुग्नसक्ने उनले बताए ।

लिबियाका अधिकारीहरूले ड्यानियल आँधीका भएको मुसलधारे वर्षासँगै अचानक आएको बाढीमा परी पूर्वी शहर डेर्नामा मात्र दुई हजारभन्दा बढीको मृत्यु भएको आशङ्का गरेका छन् ।

### स्वेच्छिक रुपमा रुसी सेनामा सेवा गर्न चाहनेको संख्या बढ्दो

मस्को, २६ भदौ (रासस/एएफपी) ।

रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले बितेका छ महिनामा तीन लाख सैनिक परिचालन भएका तथा दुई लाख ७० हजार नागरिकले स्वस्फूर्तरुपमा रुसी सेनामा सामेल भएर राष्ट्रसेवामा योगदान गर्ने अभिमत जाहेर गरेका बताउनुभएको छ ।

भ्लादिभोस्तकमा जारी आर्थिक मञ्चको बैठकमा राष्ट्रपति पुटिनले दुई लाख ७० हजार नागरिकले सेनामा भर्ती हुनेसम्बन्धी सम्झौतामा हस्ताक्षर गरेका बताउनुभयो ।

पछिल्ला छ महिनमा दुई लाख ७० हजार नागरिकले स्वेच्छिक रुपमा रुसी सेनामा सेवा गर्न सम्झौता गरेका, सेनामा अनुबन्ध हुन चाहनेको सङ्ख्या बढिरहेको छ, दैनिक रुपमा एक हजार देखि एक हजार पाँच सय सम्म सम्झौता गर्न आइरहेका छन्," सैन्य भर्तीबारे विस्तृत विवरण उल्लेख नगरी रुसी राष्ट्रपति पुटिनले भन्नुभयो ।

# डाक्नेश्वरी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पातो, सप्तरी मधेश प्रदेश , नेपाल

## पोखरी ठेक्का सम्बन्धि शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

दोस्रो पटक प्रकाशित मितिः-२०८०/५/२७

त डाक्नेश्वरी नगरपालिका नगर कार्यपालिकाको मिति २०८०/५/२५ गतेको निर्णयानुसार पोखरी ठेक्का सम्बन्धि गठित समितिको सिफारिस बमोजिम शिलको सार्वजनिक ऐलानी पोखरी ठेक्का लगाउनु पर्ने भएको हुँदा तपशिलको नियम तथा शर्तको अधिनमा रही ईक्छुक व्यक्ति/संस्थाहरुबाट रितपूर्वक लबन्दी दरभाउपत्र आह्वानको लागि यो १५ (पन्द्रह) दिने सूचना प्रकाशन गरिएको छ ।

### तपशिल

| क.सं. | पोखरीको नाम | ठेगाना | कित्ता नं | न्युनतम कबोल रकम रु | फारम दस्तुर | धरौटी रकम | ठेक्काको अवधि |
|---|---|---|---|---|---|---|---|
| १ | बेलही पोखरी | डा.न.पा. वडा नं ८ (साबिक वडा नं १ ख) | १ | ३०००००/- | ५००/- | १५०००/- | ३ वर्ष |
| २ | पुरानो पोखरी ब्रहमपुर साबिक वडा नं २ | डा.न.पा. वडा नं ७ | | २५०००/- | ५००/- | १२००/- | ३ वर्ष |
| ३ | डगरिनिया पोखरी | डा.न.पा. वडा नं ८ (साबिक वडा नं ३ ख) | १ | १५००००/- | ५००/- | ७५००/- | ३ वर्ष |
| ४ | डोमराही पोखरी | डा.न.पा. वडा नं ८ (साबिक वडा नं २) | १६५ | ६००००/- | ५००/- | ३०००/- | ३ वर्ष |
| ५ | पूर्णि पोखरी | डा.न.पा. वडा नं ८ (साबिक वडा नं ८ ख) | ४९६ | १०१०००/- | ५००/- | ५१००/- | ३ वर्ष |
| ६ | पुरानो पोखरी ब्रहमपुर साबिक वडा नं १ | डा.न.पा. वडा नं ७ १ ख | १३१ | ३५०००/- | ५००/- | १५००/- | ३ वर्ष |
| ७ | पूर्णि पोखरी पट्टि परवाहा | डा.न.पा. वडा नं ८ (साबिक वडा नं ४) | १० | १५००००/- | ५००/- | ७५००/- | ३ वर्ष |
| ८ | झखराही पोखरी | डा.न.पा. वडा नं ८ (साबिक वडा नं २ ख) | ७४ | १२५०००/- | ५००/- | ६५००/- | ३ वर्ष |
| ९ | परैया पोखरी ललितपुर | डा.न.पा. वडा नं ७ | २४८ | १०५०००/- | ५००/- | ५२००/- | ३ वर्ष |
| १० | तरहा पोखरी ललितपुर | डा.न.पा. वडा नं ७ | ३१२ | ३०५०००/- | ५००/- | १५०००/- | ३ वर्ष |
| ११ | सरकारी पोखरी मझौरा | डा.न.पा. वडा नं ७ | ३१० | २२५०००/- | ५००/- | १२०००/- | ३ वर्ष |
| १२ | झौहरा पोखरी मझौरा | डा.न.पा. वडा नं ७ | २९२ | १०००००/- | ५००/- | ५०००/- | ३ वर्ष |
| १३ | तिनकोने पोखरी मझौरा | डा.न.पा. वडा नं ७ | २२० | ५००००/- | ५००/- | २५००/- | ३ वर्ष |

### नियम तथा शर्तहरु

१. फारम दस्तुर रु ५००/- (पछि फिर्ता नहुने गरी) राजश्व शाखामा नगद बुझाउनु पर्ने छ । फारम प्रशासन शाखाबाट उपलब्ध हुनेछ ।

२. शिलबन्दी दरभाउपत्र मिति २०८०/६/१२ गते दिउसो १२:०० बजे भित्र कार्यालयमा दर्ता गराउनु पर्नेछ र दरभाउपत्र सोहि दिन दिउसो २:०० बजे सम्पूर्ण सरोकारवालाहरुको उपस्थितिमा खोलिने छ ।

३. दरभाउपत्रमा कबोल रकम भर्दा अंक र अक्षर दुवै प्रष्ट लेखु पर्नेछ । दुबैमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ ।

४. व्यक्ति वा संस्थाले कबोल रकमको लागि तोकिएको न्युनतम कबोल अंक रकम भन्दा कम कबोल गरेमा फारम स्वतः रद्द हुनेछ ।

५. एक ठेक्कामा कम्तिमा ३ जना व्यक्ति वा संस्थाको शिलबन्दी दरभाउ फारम दर्ता गरेको हुनुपर्छ ।

६. शिलबन्दी दरभाउपत्र दर्ता गर्दा जमानत बापतको रकम ग्लोबल आई.एम.ई बैंक, पातो, सप्तरीमा रहेको डाक्नेश्वरी नगरपालिकाको एकल कोष धरौटी खाता नं 'ग ३०४०१००००००६ ' मा दाखिला गरेको सक्कलै भौचर शिलबन्दी दरभाउपत्र साथ अनिवार्य पेश गर्नु पर्नेछ ।

७. ठेक्का स्वीकृत भएको मितिले ७(सात ) दिन भित्र सम्झौता गर्न आउनु पर्नेछ। सम्झौता गर्न आउँदा ठेक्का स्वीकृत भएको व्यक्ति वा संस्थाले पहिलो वर्ष (आ.व. २०८०/८१) को रकम यस नगरपालिकाको राजश्व खातामा जम्मा गरी सक्कलै भौचर लिई सम्झौताको लागि निवेदन दिनु पर्नेछ । ३ वर्षको लागि एकैपटक एकमुस्ट रकम जम्मा गर्ने व्यक्ति वा संस्थालाई १० प्रतिशत सम्म छुट दिईनेछ ।

८. प्रत्येक आर्थिक वर्ष शुरु हुनु अगाडी नै ठेक्का सम्झौता भएको व्यक्ति वा संस्थाले यस नगरपालिकाको राजश्व शाखामा रकम जम्मा गर्नु पर्नेछ ।

९. ठेक्का स्वीकृत भएको मितिले ७ (सात) भित्र सम्बन्धित व्यक्ति वा संस्थाले सम्झौता गर्न नआएको खण्डमा नगरपालिकाको निर्णयानुसार दोस्रो हुने व्यक्ति वा संस्थासंग सोझै सम्झौता गर्न सक्नेछ ।

१०. ठेक्का बन्दोवस्त भई सकेपछि कुनै किसिमको दैवी प्रकोप, खडेरी आदि भएमा त्यसको जिम्मेवार स्वयम् ठेकेदार नै हुनु पर्नेछ र नगरपालिकाले कुनै किसिमको छुट वा रकम मिन्हा गर्ने छैन ।

११. ठेक्का बन्दोवस्त भै सकेपछि पोखरीको सम्पूर्ण जिम्मेवारी ठेक्केदारको हुनेछ । पोखरीको रेखदेख, मर्मत सम्भार तथा कुनै किसिमको संरचना निर्माण मा लाग्ने खर्च ठेक्केदार स्वयमले नै गर्नु पर्नेछ ।

१२. एक व्यक्ति वा संस्थाको नाममा खरिद गरेको शिलबन्दी फारम अर्को व्यक्तिको नाममा दाखिला गर्न पाईने छैन ।

१३. ठेक्का स्वीकृत गर्ने अन्तिम अधिकार नगरपालिकामा निहित रहनेछ ।

१४. पोखरी ठेक्का सम्बन्धि अन्य शर्तहरु स्थानीय सरकार संचालन ऐन २०७४ र यस डाक्नेश्वरी नगरपालिकाको पोखरी ठेक्का सम्बन्धि कार्यविधि २०८० बमोजिम हुनेछ ।

१५. अन्य थप जानकारीको लागि यस कार्यालयको प्रशासन शाखामा सम्पर्क गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# तीनै जिल्लाका संचारकर्मीहरुबीच समन्वयकारी भूमिका आवश्यक : कोशी प्रदेश सभा सदस्य कार्की




**दैनिक समाचारदाता**
**राजविराज, २६ भदौ ।**

प्रेस युनियन सप्तरीले मोरङ, सुनसरी र सप्तरीका संचारकर्मीहरुसँग "प्रेससँग मनको बात" कार्यक्रम मंगलबार सम्पन्न गरेको छ ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ भारदस्थित कोशी ब्यारेजमा तीनै जिल्लाका दुई दर्जन संचारकर्मीको सहभागिता सो कार्यक्रम सम्पन्न गरेको हो ।

कार्यक्रमका प्रमुख आतिथि कोशी प्रदेशका प्रदेशसभा सदस्य केदार कार्कीले कार्यक्रमलाई सम्बोधन गर्दै संचारकर्मीहरुले मुलुकमा संघीय लोकतन्त्रको रक्षाका लागि समय समयमा गरिरहेको खबरदारीप्रति प्रशंसा गर्दै तीनै जिल्लाका संचारकर्मीहरुबीच समन्वयकारी भूमिका आवश्यक रहेको बताए ।

उनले भौगोलिक रुपमा समेत एक अर्कासँग मेल खाने हुँदा तीनै जिल्लाका संचारकर्मीहरुबीच आपसी सद्भाव तथा मेलमिलाप कायम हुने विश्वास व्यक्त गरे ।

प्रेस युनियन सप्तरीका सभापति बिनयलाल कर्णको अध्यक्षतामा आयोजित कार्यक्रममा नेपाली काँग्रेस सप्तरीका सचिव सनत मण्डल, तरुण दलका केन्द्रिय सदस्य खगेन्द्र कर्ण, पत्रकार महासंघ कोशी प्रदेशका महासचिव बिवेक गौतम, सदस्य शुशिला पाठक, प्रेस युनियन मोरङका पूर्वअध्यक्ष कुमार लुइटेल, राससका बोर्ड सदस्य शंकर खरेल, वरिष्ठ पत्रकार अनन्तराज न्यौपाने, शंकर रेग्मी, देवनारायण साहलगायतले धारणा राखेका थिए ।

प्रेस युनियन सप्तरीका उपसभापति नवीनकुमार गुप्ताले स्वागत मन्तब्य तथा कार्यक्रम संचालन सचिव रमानन्द देवले गरेका थिए ।

# सडक दुर्घटनाबारे प्रहरीद्वारा चालक तथा सहचालकलाई प्रशिक्षण



**दैनिक समाचारदाता**
**राजविराज, २६ भदौ ।**

"दुर्घटनाबाट बचौ र बचाऔं" नाराका साथ जिल्ला ट्राफिक कार्यालय शम्भुनाथ सप्तरीले मंगलवार देखि चालक तथा सहचालकहरुका लागी दुई दिने प्रशिक्षण कार्यक्रम सुरु गरेको छ ।

बढ्दो सवारी दुर्घटना न्युनिकरण गर्ने उद्देश्यले आयोजित दुई दिने प्रशिक्षण कार्यक्रमको सप्तरीका प्रहरी उपरिक्षक नरेन्द्र कुमार कार्कीले उद्घाटन गरेका छन् ।

सो अवसरमा उनले दुर्घटना न्युनिकरणमा सवारी चालक र सहचालकको भुमिका महत्वपुर्ण रहने बताउँदै प्रशिक्षणमा सहभागीहरुले प्राप्त गरेको ज्ञान व्यवहारमा लागु गरेर देखाउनु पर्नेमा जोड दिए । अधिकांश दुर्घट्नामा चालकको लापरवाही देखिने गरेको पाईएकोले समुदाय प्रहरी साझेदारी कार्यक्रम अर्न्तगत यस्तो आयोजना गरिएको उनको भनाई छ ।

प्रशिक्षणमा जिल्लामा संचालित वस, माइक्रो, विङ्गर, म्याजिक लगायत सवारी साधनका २ सय ५० भन्दा बढी चालक र सहचालक सहभागी छन् ।

दुई दिनको अवधीम पालै पालो गरी जिल्लाभरका सवै चालक र सहचालकलाई सहभागी गराई प्रशिक्षण दिने तयारी भएको जिल्ला ट्राफिक कार्यालय शम्भुनाथका प्रहरी निरिक्षक मेदनी प्रसाद साहले बताए ।

सुरक्षित यात्राका लागी सहभागीहरुलाई श्रब्यदृष्य सामग्रीमार्फत समेत प्रशिक्षण र ट्राफिक सचेतना दिने काम भइरहेको ट्राफिक कार्यालयका सइ टेक बहादुर वस्नेतले जानकारी दिए ।

सडक दुर्घट्नाबाट वच्न र यात्रुको जीवन रक्षाका लागी संचालित प्रशिक्षण कार्याक्रममा यात्रु संग गरिने ब्यवहार, मादक पर्दाथको सेवन गरेर गाडी चलाउँदा पार्ने प्रभाव, सडक अनुशाषण, पार्किङ्ग, स्वास्थ्य परिक्षण लगायतका विषयमा प्रशिक्षण दिन थालिएको छ ।

सो अवसरमा वडा अध्यक्ष अरुण कुमार यादव, नेपाल यातायात स्वतन्त्र मजदुर संगठन सप्तरीका अध्यक्ष संजय साह, माउन्ट सगरमाथा यातायात प्रा.लि.का उपाध्यक्ष दिनेश प्रसाद गुप्ता, छिन्नमस्ता यातायात प्रा.लि.का सचिव सरोज यादव, सिद्धार्थ गौतमबुद्ध यातायात सेवा केन्द्र प्रा.लि.का कोषाध्यक्ष ओम प्रकाश बर्मा लगायत विभिन्न सवारी साधनका संचालकहरुको पनि उल्लेख्य उपस्थिती रहेको थियो ।

# नेवि संघद्वारा विचार गोष्ठी सम्पन्न




**दैनिक समाचारदाता**
**राजविराज, २६ भदौ ।**

नेवि संघ सप्तरीले विपी कोइरालाको ११०औं जन्जयन्तीको अवसरमा मंगलबार विचार गोष्ठीको आयोजना गरेको छ ।

नेवि संघ सप्तरीका सभापति राकेश ठाकुरको अध्यक्ष तथा नेपाली काँग्रेस सप्तरीका सभापति रामदेव साहको प्रमुख आतिथ्यमा आयोजित विचार गोष्ठीका सहभागि वक्ताहरुले विपी कोइरालाले राजनीतिक र साहित्यीक क्षेत्रमा पुऱ्याएको योगदानको स्मरण गर्दै उनको विचार चिन्तनको जगमा काँग्रेसलाई अगाडी बढाउनु पर्नेमा जोड दिए ।

गोष्ठीमा काँग्रेस सप्तरीका उपसभापति रामकुमार यादव, सचिव सनतकुमार मण्डल, संगठन विभाग प्रमुख बद्रि महात्मान यादव, क्षेत्र नं. १ को १ का सभापति उमेश मिश्र, नेवि संघका केन्द्रिय सदस्य तिर्थनारायण दास, राजविराज नगरपालिका ६ का बुथ सभापति राजकुमार चौधरी लगायतका वक्ताहरुले स्व. विपिको योगदान बारे चर्चा गरेका थिए ।

## *मोटरसाईकलको ...*

बाटो काट्ने क्रममा सप्तरीको सूरुङ्गा नगरपालिका २ निवासी ३६ वर्षिया अघिनिया देवी कोइरीको मोटरसाइकलको ठक्करबाट मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार सोमवार राती ९ बजेतीर सप्तरीको सुरुङ्गा नगरपालिका २ स्थित कदमाहा-गाईघाट सडकखण्डमा बाटो काट्न लागेकी कोइरीलाई तिब्रगतीमा रहेको प्रदेश २-०१-००२ प.२३४८ नम्बरको मोटरसाईकलले ठक्कर दिएको थियो ।

उनलाई गम्भीर अवस्थामा उपचारका लागी सिरहाको लहानस्थित सप्तकोशी अस्पताल पुऱ्याइएकोमा त्यहाँ प्रारम्भीक उपचार पछी विराटनगर रेफर गरिएको थियो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेश कुमार सिंहका अनुसार उनलाई एम्बुलेन्समा राखी त्यस तर्फ लादै गर्दा उनको अवस्था झन गम्भिर भएको तथा बाटोमा पर्ने महुली स्थितअहिर अस्पतालमा उनको इसिजी गराँउदा डाक्टरले मृत घोषित गरेको जानकारी दिए ।

ठक्कर दिने मोटरसाईकल चालक सुरुंगा नगरपालिका ३ निवासी निश्चल चौधरी तथा मोटरसाईकललाई नियन्त्रणमा लिएको उनले जनाए ।

## *नेम्वाङको अन्त्येस्टिका...*

मन्त्रिपरिषद्को बैठकले संविधानसभा अध्यक्षको निधनप्रति दुःख व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति सरकारले समवेदना प्रकट गरेको छ ।

संविधान निर्माण प्रक्रियामा उनले गरेको योगदानप्रति सम्मान प्रकट गर्दै सरकारले राष्ट्रिय सम्मान दिने निर्णय गरेको संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले जानकारी दिए । संविधानसभा अध्यक्ष नेम्वाङको मंगलबार बिहान निधन भएको हो ।

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर**
विद्युतीय उपकरण(मोबाइल, ट्याब, ल्यापटप आदि)को अधिक प्रयोगले:
- बालबालिकाको आँखाको ज्योति विग्रने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा समेत ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले

बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोग गर्न नदिऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np